# राजधानी

वर्ष २०, अंक १४६ | बिहीबार २० कातिक २०७७ | नेपाल संवत् ११४० | RAJDHANI Nepali National Daily | Thursday 5 November 2020 | पृष्ठ : ८ | मूल्य रु. ५/-



वर्गीकृत डिस्प्लेका लागि सिधा सम्पर्क: ०१-४८११०८०, Ext. No.: १०२

Email: rajdhanimarketing76@gmail.com, web: www.rajdhanidaily.com


## पूर्वखोला गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

पुर्वखोला पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

**नदी जन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, मिस्कट, ग्राभेल) उत्खनन एव संकलन गर्ने कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७७/०७/२०**

यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका खोला तथा नदीहरुबाट चालु आ.व. ०७७/०७८ को जेष्ठ मसान्त (२०७८ जेष्ठ मसान्त सम्म) सम्मको लागि वातावरणिय प्रभाव मूल्यांकन कानुन २०७७, स्वीकृत संक्षिप्त वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम नदी जन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, मिस्कट, ग्राभेल) उत्खनन, संकलन तथा घाटगद्धी गरी यस कार्यालयबाट स्वीकृत लिई विक्री गर्ने कार्यको ठेक्का बढावढको माध्यमबाट व्यवस्थापन गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा बुझाई फर्म र कम्पनीको दर्ता इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि लिखित निवेदन सहित कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।
   - **क) शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०७७/०८/०४ गते कार्यालय समय भित्र ।**
   - **ख) शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७७/०८/०५ गते दिनको १२ बजे भित्र ।**
   - **ग) शिलबन्दी दरभाउपत्र खोल्ने मिति २०७७/०८/०५ गते २:०० बजे , स्थानः- गाउँ कार्यपालिकाको कार्यालय, पूर्वखोला, पाल्पा ।**
   - **घ) दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ । दर्ता भएका दरभाउपत्रहरु उल्लेखित समयमा दरभाउपत्रदाता स्वंय वा निजको प्रतिनिधि र कार्यालयका कर्मचारीहरुको रोहवारमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन् ।**

२. दरभाउपत्र जमानत/धरौटी वापत आफुले कबोल गरेको भ्याट सहितको अंकको ५ प्रतिशत का दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा ग्लोबल आइएमई बैंक पूर्वखोला शाखामा रहेको धरौटी खाता नं. F204010000004 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट “क” वर्गको मान्यता प्राप्त कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) सक्कलै पेश गर्नु पर्ने छ ।

३. कार्यालयको छाप र आधिकारीक व्यक्तिको दस्तखत भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खामबन्दी गरी शिलबन्दी लाहाछाप लगाई खाम बाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना र ठेक्का नम्बर उल्लेख गरी तोकिएको समय भित्रै पेश गर्नुपर्ने छ ।

४. एक फर्मको नामबाट खरिद गरिएको दरभाउपत्र फाराम अर्को नामबाट पेश गर्न पाईने छैन ।

५. दरभाउपत्रमा कुनै त्रुटी हुन गएमा त्रुटी सुधार तथा संसोधन गर्ने, दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

६. दरभाउपत्र दर्ता गर्ने फर्म तथा व्यक्तिहरुले दरभाउपत्र पेश गरिसकेपछि सार्वजनिक खरिद ऐन २०६३, नियममावली २०६४ र लुम्बिनी प्रदेशबाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ समेत राम्रोसँग बुझेको मानिनेछ ।

७. दरभाउपत्रदाताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा कुनै सजाय नपाएको स्व घोषणा पत्र दरभाउपत्र फाराम साथ पेश गर्नुपर्ने छ ।

८. यस सूचनामा उल्लेख नभएको बुँदाहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र लुम्बिनी प्रदेशबाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ बमोजिम हुने छ । साथै यस कार्यालयबाट दरभाउपत्र साथ उपलब्ध हुने शर्तनामाहरु पालना गर्नु पर्नेछ ।

९. यस सूचनामा कुनै संसोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना यसै सूचनाको अङ्ग मानिने छ ।

१०. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्न वा मो.नं. ९८४३१४९९३५ वा ९८५७०६८५७५ मा सम्पर्क राखी बुझ्न सकिने छ ।

११. अन्य शर्तहरु दरभाउपत्र फाराम साथ संलग्न हुनेछ ।

| ठेक्का नं | खोला/घाटको नाम | उत्खनन गर्न सकिने परिमाण (घन मिटरमा) | जम्मा रकम | अग्रिम आयकर तथा भ्याट सहितको जम्मा रकम रु | दरभाउपत्र फाराम खरिद दस्तुर रु |
|---|---|---|---|---|---|
| ०२–०७७/०७८ | रकुन खोला ( कार्यालयले तोकिदिएको वा चिन्ह लगाएका विभिन्न घाटहरु मात्र) | १२४२ | २,२०००० .०० | २५१९०० .०० | १०००.०० |
| | पूर्वखोला (कार्यालयले तोकिदिएको वा चिन्ह लगाएका विभिन्न घाटहरु मात्र) | ४९६७ | ८८०००० .०० | १००७६०० .०० | |
| जम्मा | | ६२०९ | ११००००० .०० | १२५९५०० .०० | |

**प्रमुख प्रशासकीय अधिकृत**